NEWS
THE CARTER CENTER
ONE COPENHILL ATLANTA, GA 30307

# कार्टर सेन्टरका चुनावी प्रतिनिधि मण्डल काठमाडौँमा

**तत्काल प्रकाशनका लागि**
**मंसिर १५, २०७४**

**सम्पर्कः** एट्लान्टामा, सोइया एलिसन्, soyia.ellison@cartercenter.org

काठमाडौँमा, कार्लोस भेलेन्जुएला, carlos.valenzuela@cartercenter.org

काठमाडौँ - कार्टर सेन्टरको निर्वाचन पर्यवेक्षण मिशनले २१ मंसिरमा हुन गइरहेको नेपालको दोश्रो चरणको प्रतिनिधि तथा प्रदेश सभा निर्वाचनको लागि अल्पकालिन पर्यवेक्षक प्रतिनिधि मण्डलको आगमन साथ शनिबार नयाँ चरणमा प्रवेश गर्दैछ । सो प्रतिनिधि मण्डलको नेतृत्व थाइल्याण्डका भु.पू. उपप्रधानमन्त्री तथा विदेशमन्त्री माननीय डा.सुराकियार्त सथिरथाई र भु.पू. अमेरिकी राजदुत पिटर बर्लेबाट हुनेछ ।

"यो चुनाव नेपालको लोकतान्त्रिक संक्रमणलाई सुदृढ गर्न महत्वपूर्ण छ", बर्लेले भन्नुभयो । "निष्पक्ष पर्यवेक्षकहरुको रुपमा हामी यहाँ चुनाव अघि, चुनावको दिन र चुनावपछि जे देख्छौँ, तथा चुनावका प्रक्रियाहरु कति हदसम्म प्रजातान्त्रिक चुनावका अन्तर्राष्ट्रिय मापदण्डहरु अनुसार हुन्छ त्यसको प्रतिवेदन बनाउन आएका हौँ । नेपालको इतिहासको यस महत्वपूर्ण क्षणमा सहभागिता जनाउन पाएकोमा हामी गौरवान्वित छौँ ।"

कार्टर सेन्टरलाई निर्वाचन आयोग नेपालले सेप्टेम्बर महिनामा चुनाव पर्यवेक्षण गर्न मान्यता दिएको हो । कार्टर सेन्टरले अक्टोबरमा पाँचजना विशेषज्ञहरुको मुख्य टोली र नोभेम्बरमा १४ जना दिर्घकालीन पर्यवेक्षकहरु खटाउन सुरु गऱ्यो । सो टोलीले सबै सात प्रदेशहरुमा चुनाव अभियानका आचरण तथा चुनावी प्रक्रियाहरुको पर्यवेक्षण गरेको छ । मंसिर १० को पहिलो चरणको चुनावमा कार्टर सेन्टरले ८ जिल्लामा ७७ वटा मतदान केन्द्रहरुमा पर्यवेक्षण गऱ्यो । अल्पकालिन पर्यवेक्षेकहरुको आगमनसँगै, सो टोलीमा ३५ राष्ट्रका ६४ मान्यता प्राप्त पर्यवेक्षकहरु समावेश हुनेछन् । काठमाडौँमा संक्षेपमा चुनावी जानकारी पश्चात् मतदान र मतगणना प्रक्रियाहरुको पर्यवेक्षण गर्न बहुराष्ट्रिय टोलीमा रहने पर्यवेक्षकहरुलाई सबै प्रदेशहरुमा खटाइनेछ ।

द कार्टर सेन्टर एक स्वतन्त्र संस्था हो र दुवै चरणको पर्यवेक्षण लगतै आफ्नो प्रारम्भिक निष्कर्षहरु सम्बन्धित अधिकारीहरु र नेपालका जनतासामु २३ मंसिरमा सुचित गराउनेछ । चुनावपछिको सो प्रारम्भिक विवरणपछिका आउँदो महिनामा सुझावसहितको विस्तृत विवरण पनि प्रस्तुत गराउनेछ ।

कार्टर सेन्टरका पर्यवेक्षकहरुले नेपालको मतदान प्रकृया प्रचलित कानूनका साथसाथै अन्तर्राष्ट्रिय सन्धिबाट प्राप्त दायित्व र अन्तर्राष्ट्रिय मतदान मापदण्डसँग तुलना गरी पर्यवेक्षण गर्नेछन् । कार्टर सेन्टरको पर्यवेक्षण कार्यक्रमहरु अन्तर्राष्ट्रिय निर्वाचन पर्यवेक्षण सिद्धान्त घोषणापत्र तथा अन्तर्राष्ट्रिय निर्वाचन पर्यवेक्षणका आचारसंहितामा आधारित हुन्छन् । यो कार्टर सेन्टरद्वारा पर्यवेक्षण गरिएको १०६ औं चुनाव हुनेछ । यसअघि कार्टर सेन्टरले नेपालको सन् २००८ र सन् २०१३ को संविधान सभाको चुनावको पनि पर्यवेक्षण गरिसकेको छ ।

###

***द कार्टर सेन्टर***

*"शान्ति स्थापना, रोगविरुद्ध संघर्ष, आशाको निर्माण ।"*

*लाभरहित उद्देश्यको गैरसरकारी संस्था, कार्टर सेन्टरले द्वन्द्व समाधान, लोकतन्त्र, मानवअधिकार तथा आर्थिक अवसरको प्रवर्द्धन, रोग निवारण, मानसिक स्वास्थ्यसम्भारको सुधार गर्दै ८० भन्दा बढी देशका नागरिकको जीवनस्तर उन्नति गर्न सहयोग गरेको छ । कार्टर सेन्टर १९८२ मा अमेरिकी पूर्व राष्ट्रपति जिम्मी कार्टर तथा उहाँकी पत्नी रोजालिनद्वारा इमोरी विश्वविद्यालयसँगको साझेदारीमा संसारमा शान्ति तथा स्वास्थ्य प्रवर्द्धन गर्न स्थापित भएको हो ।*

*कार्टर सेन्टरबारे थप जानकारीका लागि कृपया* www.cartercenter.org *मा जानुहोस् ।*

*ट्वीटरः Twitter@CarterCenter*
*फेसबुकः Facebook.com/CarterCenter*
*युट्युबः YouTube.com/CarterCenter*
*गुगल सर्कलः http://google.com/+CarterCenter*